# अध्यक्ष श्री दिपा बोहोरा दाहालज्यूले
# नवौं गाउँसभा समक्ष पेश गर्नु भएको
# आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

सुनकोशी गाउँपालिका,
सिन्धुली जिल्ला
बागमती प्रदेश, नेपाल
२०७८ साल असार १४ गते

**गरिमामय गाउँ सभाका उपाध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु ।**

सर्व प्रथम यस सुनकोशी गाउँपालिकाको नवौं गाउँ सभाको प्रारम्भ समारोहमा सहभागी हुनु भएका सम्पूर्ण सभाका सदस्यज्यूहरु, एवं उपस्थित कर्मचारीहरुलाई गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

यस सम्मानीत नावौं गाउँसभामा गाउँपालिकाको अध्यक्षको हैसियतले कोभिड-१९ को विश्वव्यापी महामारीले सृजना गरेको चुनौतीपूर्ण र विषम अवस्थामा आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु । यस अवसरमा ईतिहासका विभिन्न कालखण्डमा नेपालको सामाजिक परिवर्तन, लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्नको लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

तीनै तहको सरकारको समन्वय र सहकार्यमा कोभिड-१९ को संक्रमणको रोकथाम र नियन्त्रणको लागि हाम्रो गाउँपालिका क्रियाशिल रहँदा रहँदै पनि यसको संक्रमणबाट ५ जना सुनकोशीवासी दाजुभाइहरुले मृत्युवरण गरिसक्नु भएको दुखद अवस्था छ । कोभिड-१९ को महामारीको कारण स्वदेश एवं विदेशमा जीवन गुमाउनु हुने सम्पूर्ण नेपाली नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । उपचाररत सबै दाजुभाई दिदीबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मार्गलाई नेपालको संविधानले अंगिकार गरेको छ । यसैको आधारमा संघ, प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको श्रोत प्रयोग गर्ने अधिकार प्रदान भएको छ । आज हामी नेपालको संविधानको भाग १८ धारा २२३ बमोजिम नियमित रुपमा शुरु भएको यो नवौं गाउँसभाको प्रारम्भ समारोहमा उपस्थित भएका छौं ।

यस गाउँसभा संचालन गर्दै गर्दा पछिल्ला सभाबाट स्वीकृत नीति, कार्यक्रम र बजेट सम्पन्न गर्ने चरणमा रहेका छौं । सो सम्बन्धमा चालू आ.व.को निती, कार्यक्रमहरुको के कस्तो रुपमा प्रभावकारी कार्यन्वयन भयो भएन भन्ने विषयमा छलफल हुनेछ भने आज प्रस्तुत भई रहेको आर्थिक वर्ष २०७८।०७९ को नीति र कार्यक्रमको दिगो एवं प्रभावकारी कार्यान्वयन मार्फत उज्जवल र समृद्ध सुनकोशी गाउँपालिकाको निर्माणको निरन्तरता हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

निर्वाचित भएको पाँचौं वर्षमा आईपुग्दा पनि विविध कारणले गर्दा गाउँपालिकाको **आवधिक योजना**, **गाउँ यातायात गुरुयोजना**, **गाउँपालिकाको बस्तुगत विवरण (प्रोफाईल)** र **मध्यमकालिन खर्च संरचना** तयार गर्न सकेका छैनौं । यसलाई तयार गरी सोही अनुरुप गाउँपालिकाको योजना कार्यान्वयन गर्नु पर्ने आवश्यकता भएको अनुभूति गरी चालू आ.व.मा आवधिक योजना निर्माणको काम सुरु भई प्रक्रियामा रहेको छ । आगामी आ.व.मा आवधिक योजना निर्माण सम्पन्नता पश्चात त्यस पछिका वर्षहरुमा सुनकोशी गाउँपालिकाले तय गर्ने निती तथा कार्यक्रमहरुलाई सु-स्पष्ट दिशा निर्देश गर्नेछ भन्ने विश्वास लिएको छु ।

हाम्रो असिमित ईच्छा, आकांक्षा, चाहना र आवश्यकतालाई सिमित श्रोत र साधनबाट समग्र गाउँपालिकाको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा ठूलो चुनौतीपूर्ण कार्य हो । सुनकोशी गाउँपालिकामा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम संचालन गर्नु पर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ ।

**उपस्थित महानुभावहरु,**

कोभिड-१९ (कोरोना भाईरसका नयाँ भेरिएण्ट) महामारीका कारण उत्पन्न असहज परिस्थितिले मानव समुदायका आवश्यकता र प्राथमिकताहरुलाई नै बदलिदिएको छ । मुलुकको अर्थतन्त्र र समग्र शासन प्रक्रियामा पनि यसले गम्भिर असर पारेको छ । ठूला भवन, पिच सडक, चिल्ला गाडी र आधुनिक जीवनशैली मात्र विकास हैन रहेछ भन्ने पाठ यस महामारीले सिकाएको छ ।

महामारीले सिकाएको पाठ संगै तीनै तहका सरकारले मुलुकमा आफ्नो तर्फबाट प्रवाह गरिने सार्वजनिक बस्तु तथा सेवाको पुनः प्राथमिकीकरण गर्नु पर्ने अवस्था आइ परेको छ । शताब्दीकै विषम परिस्थितिसँग जुध्नका लागि विश्वका सबै राष्ट्र र सहायता एजेन्सीले आफ्ना नियमित प्रयास र तालिकाहरुलाई परिमार्जन गरी रहेका छन् । हालको महामारीको विषमः परिस्थितिबाट सिंगो देशले चाँडै छुटकारा पाउन सक्ने अवस्था समेत देखिएको छैन । तसर्थ महामारीको असरलाई न्यूनीकरण गर्दै जनजीवनलाई कसरी नियमित तुल्याउने भन्ने कुरा नै अहिलेको चुनौतिको विषय बन्न पुगेको छ ।

तसर्थ, विगतमा प्राथमिकतामा राखिएका क्रमशः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासलाई परिमार्जन गरी गाउँपालिकाले आगामी आ.व.को नीतिमा गाउँपालिकालाई महामारी व्यवस्थापनमा सक्षम एवं सशक्त बनाई स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि उत्पादन र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ । बदलिंदो परिस्थिती र आवश्यकतालाई आत्मसाथ गरी माथि उल्लेख गरिएका आधारहरुलाई अवलम्बन गरी **"हामी सबैको शान, समृद्ध सुनकोशी हाम्रो अभियान"** मूल नारालाई साकार पार्न यस गाउँपालिकाले आ.ब. २०७८।०७९ को लागि तय भएका प्रमुख क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

# १. सामाजिक विकास नीति

## १.१. स्वास्थ्य

- एक पालिका एक सामुदायिक अस्पतालको नीति अनुसार नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट चालू आ.व. २०७७/०७८ मा यस गाउँपालिकाको वडा नं. ३ मा रहेको झा.रा. स्वास्थ्य चौकीको स्तरोन्नती गरी १५ शैयाको अस्पताल निर्माण गर्ने कार्यक्रम प्राप्त भएकोमा उक्त अस्पताल स्तरोन्नतीको डि.पि.आर. निर्माण भई स्वीकृतीको चरणमा रहेको, सो कार्यको लागि जग्गा प्राप्ति तथा  प्रारम्भिक वातावरणीय परिक्षणको कार्य प्रक्रियामा रहेको जानकारी गराउँदै कोभिड-१९ व्यवस्थापन, नियन्त्रण तथा नियमित उपचारात्मक सेवा र पोष्टमार्टम सेवाका लागि उक्त स्वास्थ्य चौकीको स्तरोन्नतीको कार्यलाई आ.व. २०७८/०७९ मा पनि प्राथमिकता प्रदान गरीनेछ ।
- विपद् एवं महामारी प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयनका लागि संघ, प्रदेश र गाउँपालिका बीच समन्वयात्मक सहकार्य अगाडी बढाइनेछ ।
- कोभिड-१९ व्यवस्थापनलाई क्रियाशिल बनाउनका लागि कोभिड कोष मार्फत खर्च परिचालन गर्ने निती अवलम्बन गरिनेछ ।
- कोभिड-१९ तथा अन्य सरुवा रोग नियन्त्रण तथा रोकथामका लागि सुनकोशी क्याम्पसको नवनिर्मित भवनमा २० शैयाको आइसोलेसन वार्ड व्यवस्थापन गरिएको छ । सो कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिई अस्थायी कोभिड अस्पताल संचालनका लागि चिकित्सक सहितको जनशक्ति परिचालन गरिनेछ ।
- सुनकोशी गाउँपालिका क्षेत्रका बासिन्दालाई कोभिड-१९ विरुद्धको खोप प्राप्तिको लागि संघ र प्रादेशिक सरकारसँग समन्वय गरिनेछ ।
- सुनकोशी गाउँपालिकाबाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नको लागि औषधि खरिद गरी प्रत्येक स्वास्थ्य संस्थाबाट निःशुल्क वितरणको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र **"सुरक्षित मातृत्व, सुनकोशी गाउँपालिकाको दायित्व"** नारा कार्यान्वयनका लागि गर्भवती महिलाको परिक्षण र पोषण सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ गाउँपालिका मार्फत संचालित पोषण कार्यक्रममा पनि सो नारालाई मूल प्रवाहीकरण गरिनेछ ।

- सुनकोशी गाउँपालिका भित्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई अनिवार्य रुपमा स्वास्थ्य संस्थामा संचालित बर्थिङ्ग सेन्टरमा प्रसुती सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका महिला स्वयम्सेविकाहरुलाई गाउँपालिकाले उपलब्ध गराउदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।
- आयुर्वेद सेवा कार्यक्रमलाई सुदृढ गरी योगा र आयुर्वेदीय पद्धती मार्फत रोग प्रतिरोधी क्षमता विकासका कार्यलाई प्राथमिकता प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका पायक पर्ने स्थानहरुमा विशेषज्ञ जनशक्ति सहितको बहुपक्षीय स्वास्थ्य सिविर संचालन  गरिनेछ ।
- नेपाल सरकारले तोकेका आठ प्रकारका दीर्घ रोगीहरुलाई प्रदान गरिदै आएको स्वास्थ्य उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- किशोर किशोरीको प्रजनन् स्वास्थ्यका लागि सुदृढ स्वास्थ्य सेवा एवम् व्यवहारिक यौन तथा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रमलाई विद्यालय तहमा प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## १.२. शिक्षा

**“गुणस्तरीय, जीवनोपयोगी र परिवर्तित परिस्थितिमा समायोजना हुने सभ्य र सक्षम जनशक्ति उत्पादन”** भन्ने दुरदृष्टि सहित सुनकोशी गाउँपालिकाद्वारा तयार गरिएको “शिक्षा नीति २०७७” मा भएका कार्यनीतिगत व्यवस्थाहरुको कार्यान्वयनलाई प्राथमिकता प्रदान गरी सोको अलावा देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

- सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा कक्षा संचालन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- बौद्धिक अपांगता भएका विद्यार्थीहरुका लागि गाउँपालिका क्षेत्र भित्र छुट्टै पठनपाठनको व्यवस्था गर्न पहल गरिनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा आकर्षित गर्ने कार्यक्रमहरुलाई प्राथमिकता प्रदान गरि कक्षा छोड्ने दरलाई शुन्यमा झार्ने नीति अवलम्बन गरिनेछ ।
- प्रत्येक वडामा कम्तिमा एक वटा मा.वि. (१२ कक्षा सम्म) संचालन गर्न पहल गरिनेछ ।

- सुनकोशी गाउँपालिका भित्र एक आवासीय विद्यालय स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- कोभिड-१९ महामारीका समयमा वैकल्पिक शिक्षण पद्धति मार्फत शिक्षण कार्य संचालन गर्न विद्यालयहरुलाई जिम्मेवार बनाइनेछ ।
- प्राकृतिक प्रकोप, महामारीबाट उत्पन्न विपदका कारण विद्यालयका संरचनामा हुने क्षति, शिक्षण सिकाईमा हुने अवरोध, विद्यार्थीले विद्यालय छाड्ने बाध्य हुने अवस्था न्यूनीकरण गरी नियमित र भय रहित पठनपाठन गर्न उत्थानशील शिक्षा नीतिको अवलम्बन गरिनेछ ।
- आधारभूत तहको स्थानिय पाठ्यक्रम निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको अवस्थामा स्थानिय पाठ्यक्रम तयारी पश्चात सोको प्रभावकारी कार्यान्वयन गरिदै लगिनेछ ।

## १.३. खानेपानी तथा सरसफाई

- एक घर एक धारा नीति अन्तर्गत सुनकोशी गाउँपालिका भित्रका प्रत्येक घरपरिवारमा स्वच्छ, सफा र पर्याप्त पिउने पानीको व्यवस्थापनका लागि सुक्दै गएको पानीको मुहान संरक्षण योजना सहित सुनकोशी लिफ्ट खानेपानीको व्यवस्था गरिनेछ ।
- फोहोरलाई मोहरमा रुपान्तरण गर्ने गरी जैविक तथा अजैविक फोहोर व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- सुनकोशी गाउँपालिकालाई प्लाष्टिक झोला मुक्त गाउँपालिका घोषणा गर्ने र वातारण मैत्री फाईवर झोलाको प्रयोगमा जोड दिइनेछ ।
- खानेपानी तथा सरसफाई प्रवर्द्धन एवम् व्यवस्थापनका लागि गाउँपालिकाले लिइएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सुनकोशी गाउँपालिका भित्र लिफ्ट खानेपानी तथा लिफ्ट सिंचाईको विद्युत महसुलमा ५०% गाउँपालिकाले किसानहरुलाई राहत स्वरुप अनुदान उपलब्ध गराउँदै आएकोमा त्यसलाई बढाई ७५% पुऱ्याइनेछ ।
- सरसफाई सचेतना अभिवृद्धिका लागि व्यक्तिगत, पारिवारीक र सामुदायिक सरसफाईको बानी बसाली जिवनोपयोगी बनाउन सन्देशमूलक र जनचेतनामूलक सामग्रीको निर्माण गरी प्रचारप्रसार गरिनेछ ।

- सामुदायिक स्वास्थ्य र सरसफाईका लागि टोल सुधार समिति, आमा समूहहरु, बालसमूहहरु लगायत समुदाय स्तरका संघ संस्थाहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको १० वर्षिय खानेपानी, सरसफाई र स्वच्छता योजना (Wash Plan) तयार गर्न सहयोगी संस्थाहरुको सहयोग लिइनेछ ।

## १.४. सामाजिक सुरक्षा/समाबेशिकरण/गरिबी निवारण

- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई सर्वसुलभ बनाउन पायक पर्ने बैंक तथा वित्तीय संस्था मार्फत वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- सामाजिक सुरक्षा प्रणालीमा आबद्ध हुन नसकेका लाभग्राहीहरुलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्न घरदैलो कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहाय व्यक्तिहरुको लगत अद्यावधिक गरी परिचय-पत्र लगायतका सामाजिक सुरक्षाका अन्य सुविधाहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता पुनःस्थापना केन्द्र स्थापना र संचालनका लागि संघ तथा प्रदेशसँग समन्वयको नीति अवलम्बन गरिनेछ ।
- महिला बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका नागरिक, अल्पसंख्यक, सिमान्तकृत वर्ग तथा असहाय एकल महिलाहरुको लागि लक्षित गरिएका बजेट तथा कार्यक्रमहरुलाई निरन्तरता दिई यस्ता कार्यक्रमहरुको प्रभावकारीता वृद्धिको लागि आवश्यक पहल गरिनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यून आय भएका बेरोजगार व्यक्तिहरुलाई कार्यक्रम प्रति आकर्षित गरी निजहरुको आयस्तरमा वृद्धि गर्दै गरिबी निवारणको लक्ष्यलाई प्राप्त गरीनेछ ।
- दिगो विकास लक्ष्यले तय गरेको सबै प्रकारका गरिबी अन्त्यको लक्ष्य प्राप्तिका लागि गाउँपालिका मार्फत संचालन हुने कार्यक्रमहरुमा गरिबी निवारणको लक्ष्यलाई मूल प्रवाहीकरण गरिनेछ ।

- सुनकोशी गाउँपालिकाको निर्माणाधिन आवधिक योजनामा गरिबी निवारणका कार्यक्रमहरुलाई समावेश गरी सरोकारवाला निकायहरुको सहकार्य र सहयोगको नीति अवलम्बन गरिनेछ ।
- वालविवाह न्यूनिकरणको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

## १.५ रोजगारी तथा मानव संशाधन विकास

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी ढंगबाट अगाडी बनाइनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत **"कामका लागि पारिश्रमिक"** अनुदान र **"युवा रोजगारीको लागि रुपान्तरण पहल परियोजना (युवारुप)"** प्राप्त भएकोमा सो कार्यको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्माण सामग्री खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- कृषि लगायत अन्य उद्यम संचालन गर्ने उद्यमीहरुका लागि आवश्यक पूँजी व्यवस्थापन गर्न चालु आ.व. मा सुरु गरिएको सहुलियतपूर्ण कर्जा प्रवाहका लागि वाणिज्य बैंकहरुसँग सहजीकरणको कार्यलाई निरन्तरता दिइनेछ ।

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत समूहमा प्रविधि हस्तान्तरण, उद्यमीको स्तरोन्नती र नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम संचालन गरी दिगो र बजार माग अनुसारको रोजगारी सृजना गरिनेछ ।

## १.६. खेलकुद

- गाउँपालिका भित्र निर्माण भएका खेलकुद मैदानहरुको स्तरोन्नती गर्दै लगिनेछ ।

- एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

- गा.पा.ले सञ्चालन गर्दै आएको राष्ट्रपती रनिङ्ग सिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

- विद्यालय तहमा विद्यालय स्तरीय, वडा स्तरीय तथा गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ ।

- सुनकोशी गाउँपालिका क्षेत्रबाट राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

## १.७. सामाजिक परिचालन

- लैंगिक तथा घरेलु हिंसा न्यूनिकरण गर्दै हिंसा रहित परिवार/समाज निर्माणका लागि मनोसामाजिक परामर्शकर्ताहरुको प्रभावकारी परिचालन गरिनेछ ।

- राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा सहयोगी निकायहरुलाई गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा सामाजिक परिचालनको माध्यमबाट सामाजिक विकासमा संलग्न गराउने नीति अवलम्बन गरिनेछ ।

## १.८ न्यायिक

- मेलमिलाप कर्ता र जनप्रतिधिहरुका लागि क्षमता अभिवृद्धिको कार्यक्रम अगाडि बढाइनेछ ।

- विवाद निरुपण तथा मेलमिलापको लागि समुदाय स्तरमा कार्यक्रम बनाई लागु गरिने छ ।

- मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ ।

- कानूनी परामर्श दाताको व्यवस्था गरिनेछ ।

- न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ ।

## १.९ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक नीति :

- सुनकोशी गाउँपालिका भित्र हुने महिला हिंसा तथा घरेलु हिंसा अन्त्यका लागि सचेतनामूलक कार्यक्रम संचालनका साथै सीप तथा व्यावसायिकता विकासका कार्यक्रम तर्फ उन्मुख गराई आर्थिक रुपमा आत्मनिर्भर हुने अवसर सिर्जना गरिने छ ।

- समुह सहकारीमा महिलाहरुको सहभागिता वृद्धि गराई सामुहिक व्यवसाय संचालनलाई अभिप्रेरित एवं प्रोत्साहन गरिने छ । सामुहिक रुपमा व्यवसाय गरि उत्पादन वढाउने कार्यमा संलग्नलाई बिना धितो सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउन गाउँपालिकाबाट सिफारीस गरिने छ ।

- महिलाहरुको क्षमता विकास तथा नेतृत्व विकासका कार्यक्रम संचालन गरी शसक्तिकरण गरिने छ । लैंगिक समानता तथा महिला शसक्तिकरण कार्यक्रमलाई अगाडि ल्याइने छ ।

- घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान संचालनका लागि टोल विकास संस्था गठन गरी सो संस्था मार्फत कार्यक्रम अगाडी बढाइने छ । मानव बेचविखन, देहव्यापार, तथा ओसार पसार जस्ता जघन्य अपराध नियन्त्रणका लागि प्रत्येक टोल टोलमा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

- लैंगिक हिंसाबाट पिडित तथा प्रभावितहरुको लागि लैंगिक हिंसा राहत कोषमा वजेट व्यवस्था गरी कोष मार्फत पिडित तथा प्रभावितका लागि राहत उपलब्ध गराइने छ ।

- विद्यालय विमुख किशोरीहरुको लागि सीप विकास मार्फत रोजगारीको अवस्था सिर्जना गरिने छ ।

- सुनकोशी गाउँपालिकालाई वालश्रममुक्त गाउँपालिका बनाउन होटल, कलकारखाना तथा उद्योगमा अनुगमन गरी सुसूचित गरीने छ ।

- बालविवाह न्यूनिकरणका लागि वडास्तरमा गठन भएका बालसंजाल तथा किशोरी संजालको क्षमता विकास गरी उनिहरुको क्रियासिलता वढाइने छ ।

- आपतकालिन तथा जोखिममा रहेका बालबालिकाहरुको लागि बालउद्धार कोष मार्फत आर्थिक सहायता उपलब्ध गराइने छ ।

- पारिवारीक रुपमा उपेक्षित तथा अपहेलनामा परेका वृद्ध तथा अशक्तको लागि गाउँपालिकास्तरमा  एक वृद्धाश्रमको व्यवस्था गर्न संघ र प्रदेश सरकारसँग पहल गरिनेछ ।

- ज्येष्ठ नागरिकहरुको अनुभव आदान प्रदानको लागी अन्तरपुस्ता अन्तरसीप हस्तान्तरण कार्यक्रम वडास्तरमा संचालन गरिने छ ।

- फरक क्षमता (अपांगता) भएका व्यक्तिहरुलाई उनिहरुको अवस्थाको पहिचान गरी सीप विकास मार्फत आर्थिक सवलीकरण गरिने छ ।

- अपांगता भएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी आवश्यकताको आधारमा सहयोग सामग्री उपलब्ध गराइने छ ।

### १.१० पोषण सम्बन्धि नीति :

- बहुक्षेत्रीय पोषण कार्यक्रम : प्रजनन् उमेर समूहका महिला, ५ वर्ष मुनिका बालबालिका र किशोर किशोरीहरुमा हुने सबै खाल्का कुपोषण घटाउन नेपाल सरकारबाट प्राथमिकता प्राप्त कार्यक्रमका रुपमा बहुक्षेत्रीय पोषण योजना ( दोश्रो) कार्यान्वयनमा ल्याइनेछ ।

## २. आर्थिक विकास नीति

### २.१ कृषि तथा पशुपालन :

- सुनकोशी गाउँपालिकाको वडा नं. ७ को किवी पकेट कार्यक्रमलाई विस्तार गरी उत्पादन वृद्धि गरिनेछ ।

- सुनकोशी गाउँपालिकामा उत्पादित कृषि उपजको बजारीकरणका लागि निर्माण भएको संकलन केन्द्र व्यवस्थापनमा सुधार ल्याइनेछ ।

- चालु आ.व. २०७७/०७८ मा स्थापना भएको माटो परिक्षण ल्याब संचालनमा ल्याइ कृषी उद्यमीहरुलाई माटो परिक्षण र माटो अनुकुल कृषि प्रणालीमा आकर्षित गरिनेछ ।

- बालिजन्य किरा तथा प्रकोप नियन्त्रणका लागि विषादी खरिद गरी किसानलाई निःशुल्क वितरण गरिनेछ ।

- सुन्तला जातको पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- आलु ब्लक, तोरी पकेट क्षेत्र, फलफूल एवं तरकारी पकेट क्षेत्र कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

- कृषि प्रसार तथा कृषकहरुको क्षमता विकासका लागि कृषकहरुलाई प्रविधि विस्तार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

- फलफूल तथा तरकारी मूल्य श्रृङ्खला विकास आयोजनाबाट प्राप्त अनुदान रकमलाई तोकिएको क्षेत्रमा प्रभावकारी कार्यान्वयन सुनिश्चितता गरिनेछ ।

- विदेशबाट फर्केका युवाहरुलाई मागमा आधारित कृषि कार्यक्रम संचालन गर्न बिना धितो सहुलियतपूर्ण कर्जा प्रदान गर्न वाणिज्य बैंकसँग सहजीकरण गरिनेछ ।

- गाउँपालिका क्षेत्र भित्रका बाख्रा तथा बंगुर पालक कृषकहरुलाई लागत साझेदारीमा बाख्रा तथा बंगुर प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- बजारको सुनिश्चितता गरी सुनकोशी गाउँपालिकालाई अण्डामा आत्मनिर्भर बनाउन अण्डा आत्मनिर्भर कार्यक्रम संचालन गराउन पहल गरिनेछ ।

- उत्पादकत्व वृद्धिका लागि कृतिम गर्भाधान कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

- आ.व. २०७७/०७८ मा सुरु भएको बाख्रा पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- पशुपंक्षिहरुमा देखिने महामारीजन्वय रोग गाउँपालिकाबाटै उन्मुलन गर्नका लागि ७ वटै वडाहरुमा पशुपंक्षीमा लग्ने महामारीजन्य रोगहरु विरुद्ध भ्याक्सिनेसनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- हरेक वर्ष पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको कारण पशुपालक कृषकहरुको अधिक रुपमा आर्थिक क्षती हुन नदिनका लागि पशु सेवा शाखाबाट प्रत्येक वडाको विभिन्न स्थानहरुमा पशुपंक्षीको औषधि निःशुल्क वितरण गरीनेछ ।

- हाल पशुहरुमा गम्भिर रुपमा देखा परेको प्रजनन् सम्बन्धी र शारीरिक विकासको समस्याहरुलाई निराकरण गर्न सबै कृषकको घरदैलोमा पुग्ने गरी भिटामिन, मिनरल र अन्य पौष्टिक तत्वहरुको निःशुल्क वितरण गरीनेछ ।

- जलवायु परिवर्तन र यसबाट सिर्जित परिस्थितीका कारण कृषि तथा पशु पालन क्षेत्रको उत्थान गर्न जलवायु मैत्री तथा जलवायु उत्थानशील कृषि प्रणाली अवलम्बन गर्न कृषकलाई प्रोत्साहित गर्दै लगिनेछ ।

## २.२. पर्यटन :

- नीतिगत एवं कानुनी व्यवस्था गरी गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

- सित्तलपाटी, मालेपाटी, मुलकोट पाटी, वि.पि. पार्क, फापर चुली र बोटानीकल गार्डनलाई पर्यटकीय क्षेत्र घोषणा गरिनेछ ।

- मुकुटेश्वरी मन्दिर, विश्वेश्वरी गाईखुरा महादेव मन्दिर, प्रतानेश्वरी महादेव मन्दिर, कुशेश्वर महादेव, गणेश मन्दिर, सुल्थुम मन्दिर, सिद्धबाबा संसार्नाथ, सहस्रधारा देवी मन्दिर, अमारे पानी पोखरी र बालमीकेश्वरी मन्दिरलाई धार्मिक पर्यटन क्षेत्र घोषणा गरिनेछ ।

- निजी क्षेत्रसँगको सहकार्यमा सुनकोशी ऱ्याफ्टिङ्ग लगायत साहसिक पर्यटन गतिविधिलाई वृद्धि गर्दै निजी क्षेत्रको आर्थिक वृद्धिको नीति अवलम्बन गरिनेछ ।

## २.३. उद्योग तथा बाणिज्य

- औद्यौगिक पुजीको विकासको लागि लगानीमैत्री वातावरणको निर्माण गरिनेछ ।
- उपयुक्त स्थानको छनोट गरी औद्योगिक ग्राम निर्माणका लागि संघ र प्रदेशसँग पहल गरिनेछ ।
- यस सुनकोशी गा.पा लाई उद्योग मैत्री बनाई स्थानीय उत्पादनलाई प्राथमिकताका साथ प्रयोगमा ल्याउन प्रोत्साहन गरिने छ ।
- सुनकोशी गाउँपालिका क्षेत्र भित्र लघु उद्योग, घरेलु उद्योग तथा साना उद्योग स्थापनाका लागि प्रोत्साहित गरिनेछ ।
- समय समयमा व्यापार, व्यवसाय मेला/महोत्सव आयोजना गरी गराई व्यापार व्यवसायको प्रवर्द्धन गर्ने कार्यको थालनी गरिनेछ ।
- सस्तो, सुलभ तथा सुपथ बजार व्यवस्थापनको लागि बजार अनुगमन र नियमनलाई तिव्रता दिइनेछ ।
- राज्यको समावेशी नीति अनुसार प्राथमिकतामा परेको जातजाति तथा समुदायलाई लघु तथा साना उद्यम व्यवसाय संचालनका लागि प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि यस क्षेत्र भित्र भएका सबैखाले साधन स्रोतको संरक्षण र प्रवर्धन गरी स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योगमा लगानी गर्न प्राथमिकता दिईनेछ ।
- ऐन, नियम र कार्यविधिको निर्माण गरी गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका र संचालन गर्न इच्छुक व्यापार व्यवसाय र उद्योगलाई सुलभ किसिमले दर्ता, नविकरण तथा नियमन गरिनेछ ।
- छिमेकी स्थानीय तहहरु सँगको समन्वयमा गाउँपालिकालाई तुलनात्मक रुपमा फाइदा पुग्ने उद्यम व्यवसायहरु साझेदारीमा संचालन गर्ने र गर्नका लागि उद्योगी, व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।

- उपलब्ध सीप, ज्ञान, प्रविधि र पूँजीलाई गाउँपालिकाको विकासमा उपयोग गरिनेछ ।

- यस क्षेत्र भित्र परम्परागत रुपमा संचालित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन तथा स्तरोन्नती गरी गाउँपालिकाको आर्थिक विकासमा योगदान वढाईने छ ।

- उद्योग, व्यापार, व्यवसाय दर्ता प्रक्रियालाई सरल, सहज बनाउन सातै वटा वडाहरुमा शिविर संचालन गरिनेछ ।

- विगत वर्षहरुमा गाउँपालिका र सहकारी संस्थाको साझेदारीमा स्थापना एवं संचालन भएका उद्योगहरु हाल निस्कृय अवस्थामा रहेकोले त्यस्ता उद्योग संचालन गर्ने सहकारीसँग छलफल एवं उद्योगको स्थलगत अनुगमन गरी त्यस्ता उद्योगलाई त्यही स्थानमा वा अन्य स्थानमा सार्न पहल गरिनेछ ।

| वडा नं. | उद्योग |
|---|---|
| १ | टपरी उद्योग र धान मील |
| २ | माछा पालन उद्योग |
| ३ | फाइबर झोला उद्योग |
| ५ | खानेपानी र साबुन उद्योग |
| ६ | ढाका उद्योग |
| ७ | सिस्नु धुलो प्रशोधन |

## २.४ सहकारी, वित्तीय क्षेत्र तथा गैह्रसरकारी संस्था :

- सहकारीहरु मार्फत संचालनमा रहेका ब्यवसायहरुलाई प्रोत्साहन गरिनेछ । सहकारी साझेदारीमा संचालित ब्यवसायिक उद्यमशीलतालाई ३ खम्बे अर्थ नीति अनुसार प्रवर्द्धन गरिनेछ ।

- सहकारीमा लागत पूँजी वृद्धिका लागि सहकारी संस्थाहरुको मर्ज प्रकृयालाई प्रोत्साहित गरिनेछ ।

- सहकारी तथा वित्तीय क्षेत्र संग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

- गाउँपालिका क्षेत्रमा गठन हुने टोल विकास संस्था लगायतका सामुदायिक संघ संस्थाको कार्य प्रणालीलाई अझ प्रभावकारी वनाई गाउँपालिकाको समग्र विकास प्रकृयामा सहभागी गराईनेछ ।

- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ ।

- सहकारीमा आवद्ध समुह सदस्यलाई व्यावसायिकता विकास तर्फ उन्मुख गराई आर्थिक रुपमा सवल सहकारीलाई उत्कृष्ट सहकारी घोषणा गरी प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिने छ ।

- सहकारी संस्थाहरुको दिगोपना, सेवाप्रवाह र वित्तीय व्यवस्थापन लगायतका क्षेत्रको नियमित अनुगमन, निरीक्षण गरी दण्ड-पुरस्कार प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।

## २.५ पुरातात्विक सम्पदाको संरक्षण तथा प्रवर्द्धन सम्बन्धि नीति :

- सुनकोशी गाउँपालिकाभित्रका सबै ऐतिहासिक, पुरातात्विक तथा धार्मिक महत्वका मठमन्दिर, पाटीपौवा, गुम्वा विहार, गुफा, पोखरीहरुलाई संरक्षण, सम्वर्द्धन गरिनेछ ।

- सिमान्तकृत तथा लोपोन्मुख जातिको संस्कृतिलाई गाउँपालिका भित्र एउटा संग्रहालयको रुपमा स्थापना गरिनेछ ।

- मध्य तथा उच्च पहाडी भेगमा अवस्थित मगर, तामाङ, हायू कला संस्कृति, रहनसहन, रीतिरिवाज र भेषभुषालाई पर्यटकीय आकर्षणका आभुषणको रुपमा विस्तार र उजागार गरिनेछ ।

## ३. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति

### ३.१. वन वातावरण तथा जलवायु परिवर्तन

- सुनकोशी गाउँपालिका क्षेत्र भित्रका प्रत्येक विद्यालयमा विद्यालय स्वयम्ले वृक्षारोपण गरी ५० ओटा विरुवा हुर्काउन अनिवार्य गरिनेछ ।

- सम्बन्धित वन कार्यालय मार्फत **एक वडा एक नर्सरी तथा एक वडा एक मिश्रित फलफूल बगैचा निर्माण** गर्ने नीति लिइनेछ ।

- वन कार्यालयसँग समन्वय र सहकार्य गरी गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक तथा खाली जग्गामा वृक्षारोपण गरी वातावरणीय सन्तुलन कायम तथा हरियाली प्रवर्द्धन गरीनेछ ।

- संघीय/प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा परम्परागत पानी पोखरीको पुनरुत्थान तथा सबलीकरण तथा नयाँ Recharge Pond हरुको निर्माण मार्फत भुमीगत पानीका स्रोतहरुको संरक्षण, सुकेका पानी मुहानको पुनरुत्थान गरी संरक्षण गरीनेछ । साथै त्यस्ता पोखरीहरुलाई विपद व्यवस्थापनका क्रममा समेत प्रयोगमा ल्याइनेछ ।

- सडक पुर्वाधार विकासले गर्दा सिर्जित भुक्षयको समस्या समाधान गर्न सडक पुर्वाधार निर्माण सँगसँगै सडक किनारा क्षेत्रमा वृक्षारोपण गर्ने कामलाई विकास आयोजना संगै प्राथमिकिकरण/आन्तरीकिकरण गर्दै लगिनेछ ।

- पानीका मुहान संरक्षण गरिनेछ । त्यसका लागि पानी मुहान वरपरका वन क्षेत्रको संरक्षण तथा संवर्द्धन गर्दै लगिनेछ ।

- गाउँपालिका क्षेत्रमा बहने शाखा नदिहरुका कटानका कारण खेतीयोग्य जमिन क्षेत्रमा पर्ने असर न्यूनिकरण गर्न नदि तटबन्धन कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

- जथाभावी जमिन तथा खोलाहरुको उत्खनन्लाई निरुत्साहित गर्दै लगिनेछ ।

- जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैह्र सरकारी संस्था तथा विकास साझेदारसंग समन्वय र सहकार्य गरी

स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ , हरित पालिकाको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।

- अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थासँग सहयोग तथा समन्वय गरी वन, वाताबरण, भू-संरक्षण तथा जलवायू परिवर्तन सम्वन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ ।

## ३.२ विपद व्यवस्थापन तथा भू-संरक्षण

- गाउँपालिकामा रहेको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिदै प्राकृतिक प्रकोप, आगजनी, बाढी, पहिरोबाट विस्थापन जस्ता अवस्थामा यस कोष सक्रिय रहेनछ । विपद पर्दा सजिलै सूचना प्रवाह गर्ने, उद्धार र राहत दिने ब्यवस्थामा गा.पा.को विशेष सक्रियता हुनेछ ।

- विपद् व्यवस्थानका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला संघ संस्था संग समन्वय र सहकार्य गरिनेछ ।

- अनियन्त्रित प्रकृतिक श्रोत दोहन तत्काल रोकी यसलाई प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन तथा परिक्षण गरी व्यवस्थित गर्दै लगिनेछ ।

- वहु प्रकोप जोखिम तथा विश्लेषण VCA (Vulnerability and Capacity Assessment) तथा पार्श्वचित्र निमार्ण गरी पालिका तथा समुदाय स्तरमा विपद तथा जलवायु उत्थानशिल योजना निर्माण गर्न संघ/प्रदेश सरकारसँग सहयोगको अपेक्षा गरिनेछ ।

- पूर्वाधार निर्माणमा हुन सक्ने विपद् जोखिम न्यूनीकरण गर्न पूर्वाधार निर्माणका हरेक चरणमा विपद् व्यवस्थापनलाई समावेश गरी कार्यान्वयन गरिनेछ ।

- गाउँपालिका क्षेत्रमा हुने विपद्को व्यवस्थापन गर्न गाउँस्तरीय विपद् व्यवस्थापन समिति/वडास्तरीय विपद् व्यवस्थापन समितिहरुको प्रभावकारी परिचालनको नीति अवलम्बन गरिनेछ ।

- महामारी, भूकम्प, बाढीपहिरो, हुरीबतास, चट्याङ, विद्युत सट, आगलागी तथा डढेलो, जंगली जनावारबाट हुने क्षति जस्ता विपद्को बारेमा संचार माध्यमबाट जनचेतनामूलक कार्यक्रम संचालन गरी चेतना अभिबृद्धि गरिनेछ ।

## ३.३ फोहोरमैला व्यवस्थापन

- बढ्दो सहरीकरण सँगसँगै फोहोरमैला व्यवस्थापनलाई थप व्यवस्थित गर्दै लगिनेछ । यस अर्न्तगत, फोहोरमैलाको संकलन, वर्गिकरण तथा वैज्ञानिक व्यवस्थापन गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि Dumping Site लाई प्रबलिकरण गरिनेछ । यसको सञ्चालन व्यवस्थापनमा जनसमुदायको सहभागितालाई प्राथमिकता दिइनेछ ।

- घरायसी फोहोर मैलाको न्यून उत्सर्जका लागि Reduce, Reuse र Recycle (3R) को नीति अवलम्बन गरिनेछ ।

# ४. पूर्वाधार विकास नीति

## ४.१ सडक तथा पुल :

- यस सुनकोशी गाउँपालिकाको महाभारत खण्डको “नागी-मतनवास-बन्दीपुर-कोटगाउँ-डाँगी-काफ्लेचौर” कृषि सडकको निर्माण कार्य २०७८/०७९ मा शुरु गरिनेछ ।

- सुनकोशी गाउँपालिकाको केन्द्र अगाडी रहेको बस्ती विकासको लागि हाल रहेको रामटार रिङ रोड कच्ची सडकलाई स्तरोन्नती गरी कालो पत्रे गर्न राष्ट्रिय योजना आयोगमा पहल गरिनेछ ।

- सुनकोशी गाउँपालिका १ नं. वडादेखि ७ नं. वडासम्म सात ओटै वडाको माथिल्लो भूभाग वि.पि. राजमार्गसम्म सिधा जोडिने गरी बाह्रै महिना चौवीसै घण्टा सञ्चालन गर्न सकिने कम्तिमा एउटा पक्की मोटरबाटो लिंक रोड निमार्णको दीर्घकालिन योजना निर्माण गर्न संघ/प्रदेश सरकारसँग पहल गरिनेछ ।

- सुनकोशी गाउँपालिका भित्र निर्माण भएका र निर्माण हुने सवै कच्ची तथा ग्राभेल र पक्की सडकमा उचित एवम् व्यवस्थित ढल, नल र जालिको प्रबन्ध गरिनेछ ।

- निर्माण गरिएको तथा गरिने दुवै किसिमको पूर्वाधारहरुलाई दिगो विकासको सिद्धान्तका आधारमा सञ्चालन गरिनेछ ।

- गाउँपालिकाको पहिचान भएका मुख्य सडकहरुको डि.पी.आर. गर्ने कार्यलाई निरन्तरता दिई सो अनुरुप प्रदेश सरकार र संघीय सरकारको सहयोगमा पक्की सडक निर्माण गरिनेछ ।

## ४.२ सिंचाई

- गाउँपालिका भित्रका मुख्य कृषि योग्य जमिनहरुमा सम्भाव्यताका आधारमा साना सिंचाई, कुलो, लिफ्टिङ्ग, थोपा सिंचाई, सिंचाइ पोखरी, प्लाष्टिक पोखरी आदिको निर्माण तथा मर्मत गरी सिंचाई सुविधा प्रवाह गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

- वृहत सिंचाई योजनाका लागि सम्भाव्यता अध्ययन, डि.पि.आर. तयारी र निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

## ४.३ भवन तथा सहरी विकास

- राष्ट्रिय भवन आचार संहिता तथा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन, २०७२ र गाउँपालिकाको भवन निर्माण

मापदण्ड तयार गरी भवन निर्माणको लागि नक्सा पास गरिने व्यवस्था मिलाईनेछ ।

- प्रकोप उत्थानशील भवन तथा पूर्वाधार निर्माण गर्दा राष्ट्रिय भवन निर्माण संहिता, भवन निर्माण निर्देशिका, भवन मापदण्ड, स्मार्ट डिजाइन, गुणस्तरीय निर्माण सामग्री, दक्ष निर्माण कामदार, निर्माणको नियमित प्राविधिक सुपरिवेक्षणका साथै नियमित मर्मत सम्भारको व्यवस्था अवलम्बन गरिनेछ ।

- लैंगिक तथा अपाङ्गमैत्री भवन तथा पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

- सुनकोशी गाउँपालिका वडा नं. ५ स्थित नाँगेडाँडामा संघीय सरकारको आर्थिक सहयोगमा **"शहीद स्मृती पार्क"** निर्माण गरिनेछ ।

- सुनकोशी गाउँपालिका भित्र निर्माण भइरहेको गाउँपालिका भवन निर्माणको कार्यलाई सम्पन्न गरिनेछ ।

- सवै वडा कार्यालयहरुलाई सहज ढंगवाट नागरिकलाई सेवा दिन वडा कार्यालय भवन निर्माणको लागि प्रदेश सरकार र केन्द्र सरकार समक्ष अनुदान सहयोग माग गरिनेछ ।

- नयाँ घर निर्माणको नक्सा पास गर्दा र पुराना घरको नियमित/ अभिलेखीकरण गर्दा कम्तीमा **"एक घर एक विरुवा, एकघर फूल सहितको पाँच गमला"** लगाई हुर्काउनु पर्ने व्यवस्थाको थालनी गरिने छ ।

- ढल तथा नाला निर्माणका पूर्वाधारहरुलाई स्तरोन्नती गरिने छ ।

- गैर सरकारी संघ संस्थाको सहयोगमा एकीकृत विकास योजना, आवासीय योजना, भू–उपयोग योजना तर्जुमा गर्न पहल गरिनेछ ।

- स्विकृत कार्यविधिको अधिनमा रही **सुरक्षित नागरिक आवास कार्यक्रम** अन्तर्गत खरको छानालाई प्रतिस्थापन गर्दै लगिनेछ ।

### ४.४. व्यवस्थित वस्ती विकास

- नयाँ सडकहरुको चौडाई कम्तीमा ४ मिटरभन्दा कम नहुने गरी कायम गरिने छ ।

- समुदायको अग्रसरतामा गरिने बस्ती विकासलाई प्रोत्साहित गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ । व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागू गरिनेछ ।

- एकिकृत जग्गा विकास योजना तयार गर्न पहल गरी भूमिलाई आवास क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू-उपयोग गर्ने नीति लिईने छ ।

- विभिन्न धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचिन नामहरुको खोजी गरी तिनको पुनर्स्थापना गर्ने, आधिकारिक नामाकरण हुन बाँकी टोल, बस्ती, सडक, मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ ।

### ४.५ विद्युत तथा वैकल्पिक उर्जा :

- विद्युत विस्तार कार्यक्रमलाई सातै वटा वडामा विस्तार गरिनेछ ।

- नवीकरणीय वैकल्पिक उर्जा प्रवर्द्धनका लागि प्रविधि जडान सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन/वित्तीय सुशासन :

### ५.१ संस्थागत विकास र सेवा प्रवाह :

- गुणस्तरीय र प्रविधिमैत्री सेवा प्रवाहका लागि कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिका तथा वडा कार्यालय मार्फत प्रदान गरिने सेवाको गुणस्तरीयता, शीघ्रता, मितव्ययीता प्रवर्द्धन गर्न प्रविधि प्रयोगलाई विस्तार गरिनेछ ।

- सूचना प्रविधि प्रणालीमा आधारित अभिलेख व्यवस्थापनमा जोड दिइनेछ ।

- आवश्यकताका आधारमा गाउँपालिका क्षेत्र भित्र पायक पर्ने स्थानहरुमा बहुपक्षीय घुम्ती सेवा संचालन गरिनेछ ।

- सेवा प्रवाहलाई थप सहज, सरल र पहुँच योग्य बनाउन सूचना प्रविधि प्रणालीमा आधारित सेवा विस्तार गरिनेछ ।

- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यबोझको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

## ५.२ सुशासन/वित्तीय सुशासन :

- कार्यालयबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक वडापत्र समायानूकल अद्यावधिक गरी लागु गरिने छ । नागरिक वडापत्रलाई मोवाईल एप्समार्फत हेर्न सकिने प्रविधिको विकास गरिनेछ ।

- प्रकाशन योग्य नीति, कार्यक्रम, बजेट, प्रतिवेदनहरु वेबसाइट तथा सामाजिक संजालहरुमा प्रकाशन गरिनेछ ।

- आवधिक सार्वजनिक सुनुवाइ तथा प्रगति समिक्षा कार्यक्रमहरुलाई अनिवार्य गरिनेछ ।

- गुनासो व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गर्न संरचनागत सुधार गरिनेछ ।

- विकास गतिविधिको सम्पन्नता पश्चात सामाजिक परिक्षण गर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

- राजश्व संकलनलाई पारदर्शी, भरपर्दो र व्यवस्थित गर्न राजश्व प्रशासनलाई अनिवार्य रुपमा प्रविधिमैत्री बनाइनेछ ।

- राजश्व प्रशासनको दायरालाई फराकिलो बनाउँदै राजश्व प्रशासनलाई व्यवस्थित बनाउन, आवश्यक सुझाव तथा पृष्ठपोषण प्रदान गर्न स्थानीय राजश्व परामर्श समितिको भूमिकालाई रचनात्मक बनाउँदै लगिनेछ ।

- राजश्वका थप क्षेत्रहरु पहिचान गर्न अध्ययन, अनुसन्धानको कार्यलाई अगाडी बढाइनेछ । वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट, खरीढुंगा आदि प्राकृतिक वस्तुको विक्री तथा निकासी गरी राजश्व संकलनमा वृद्धि गर्दै लगिनेछ ।

- राजश्व प्रशासन सुधार कार्ययोजना बनाई लागू गरिनेछ ।

## ५.३. सूचना, प्रविधि तथा संचार :

- ईन्टरनेटको माध्यमबाट सबै वडा कार्यालयबाट प्रदान भएका सेवालाई गाउँपालिकासँग जोडिने छ । विद्युतीय अनुगमनको शुरुवात गरिनेछ । अनलाइन मार्फत सेवा प्रवाह गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाइने छ ।

- दुर संचार सेवा प्रदायक संस्थाहरु संग समन्वय गरी सबै वडा, गाउँबस्ती टोलहरुमा टेलिफोन, मोवाईल, ईन्टरनेट सेवाको उपलब्धता बढाउन पहल गरिनेछ ।

- विद्यालय क्षेत्र, सामुदायिक स्वास्थ्य संस्था, वडा कार्यालयहरुमा सूचना तथा संचार प्रविधिलाई प्रशासनिक, व्यवसायिक बनाइ शिक्षा, स्वास्थ्य र सेवा प्रवाहमा सूचना प्रविधिलाई पहिलो प्राथमिकता दिई अप्टिकल फाइबर इन्टरनेट जडान गर्न नेपाल दुरसञ्चार प्राधिकरणसँग समन्वय गरी कार्यक्रम अगाडी बढाइनेछ ।

- गाउँपालिकाको तथ्याङ्क अध्यावधिक गर्न डिजिटल डाटा संकलन गरिनेछ । वडा स्तरको धार्मिक, साँस्कृतिक, भौगोलिक वृत्तचित्र निर्माण गरी डिजिटल

मार्केटिङ्गलाई तीव्रता दिइनेछ । ज्ञान प्रबर्द्धक तथा जनचेतनामूलक कार्यक्रम निर्माण तथा प्रसारण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

- Nepal Telecom संस्था मार्फत सुनकोशी गाउँपालिकाको वडा नं. ६, खाल्टे देखि वडा नं. १, दुम्जासम्म Internet सेवा संचालन एवं विस्तार गर्न उक्त संस्थालाई उपयुक्त स्थानमा कार्यालय भवन निर्माण गर्न सार्वजनिक पर्ती जग्गा उपलब्ध गराउन प्रक्रिया अगाडी बढाइनेछ ।

## ५.४. साझेदारी वा संयुक्त व्यवस्थापन कार्यक्रम :

- अन्तर गाउँ सम्वन्धको विकास गर्दै देश, विदेशका उत्कृष्ट गाउँ सँग भगिनी सम्बन्ध स्थापना गर्ने कार्यको थालनी गरिनेछ ।
- विपद व्यवस्थापन, फोहोर मैला व्यवस्थापन र पूर्वाधार विकासका क्षेत्रमा अन्तर स्थानिय तह साझेदारी कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष एवं परोक्ष रुपमा अमूल्य सुझाव सल्लाह दिनु हुने र सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश सरकार, संघीय एवं प्रदेश माननीय सदस्य ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितीका पदाधिकारीहरु, सबै गाउँसभा सदस्यज्यूहरु, राजनीतिक दलका स्थानिय प्रमुख एवं प्रतिनिधीज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, विषयगत शाखाका कर्मचारीहरु, उद्योग व्यवसायी, बुद्धिजिवी, नागरिक समाज, संचारकर्मी लगायत सम्पूर्ण सुनकोशीवासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा सदस्यहरुसँग सहयोगको अपेक्षा गर्दछु ।